वर्ष ६ , अंक १२, चैत




# अपराध अनुसन्धान

## मासिक ई-बुलेटिन

**नेपाल प्रहरी प्रधान कार्यालय**
**अपराध अनुसन्धान विभाग**

''वस्तुनिष्ठ अपराध अनुसन्धान मानव अधिकारको सम्मान''

# विषय सूची

**प्रमुख सल्लाहकार**
प्र.अ.म.नि. टेक बहादुर तामाङ
प्र.ना.म.नि. जनक भट्टराई

**सल्लाहकार**
प्र.ब.उ. वसन्त रजौरे
प्र.ब.उ. नविनराज राई

**सम्पादक मण्डल**
प्र.नि. केवि गुरूङ
प्र.ना.नि. गणेश बहादुर थिङ
प्र.स.नि. दुर्गा लक्ष्मी बस्नेत

**संकलन**
प्र.स.नि. दुर्गा लक्ष्मी बस्नेत
प्र.ह. कल्पना राई

**ले-आउट/ग्राफिक्स**
प्र.ज. भावना चन्द

| | |
|---|---|
| **विभागीय गतिविधि** | १ - ४ |
| **अपराध तथ्याङ्क** | ५ - १० |
| **प्रहरी सेवा प्रवाह** | ११ - १३ |
| **खोजतलास तथा समन्वय** | १४ |
| **अपराध अनुसन्धानमा सहायता प्रदान** | १५ - १६ |
| **अपराध समाचार** | १७ - २० |
| **उत्कृष्ट अनुसन्धान** | २१ |

# विभागीय गतिविधि

## भौतिक सबुत संकलन र संरक्षण सम्बन्धी दिग्दर्शन विमोचन सम्पन्न



***काठमाडौं, ५ चैत***

गृहसचिव एकनारायण अर्यालज्यूलाई नेपाल प्रहरी प्रधान कार्यालयमा प्रहरी महानिरीक्षक बसन्त बहादुर कुँवरज्यू, प्रहरी अतिरिक्त महानिरीक्षकज्यूहरू, प्रहरी नायव महानिरीक्षकज्यूहरू लगायत वरिष्ठ प्रहरी अधिकृतज्यूहरूले हार्दिक स्वागत गर्नुभयो। कार्यक्रममा उहाँले नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभागद्वारा प्रकाशित "भौतिक सबुद संकलन र संरक्षण सम्बन्धी दिग्दर्शन" पुस्तक विमोचन गर्नुभयो साथै गृहसचिव एकनारायण अर्यालज्यू समक्ष प्रहरी महानिरीक्षक बसन्त बहादुर कुँवरज्यूले भौतिक सबुद संकलन र संरक्षण दिग्दर्शन, नेपाल प्रहरीको कार्ययोजना-२०८०, लागु औषध रोकथाम तथा नियन्त्रण कार्ययोजना २०८०-८१, प्रहरी कर्मचारीको सरुवा सम्बन्धी मापदण्ड २०७१(प्रथम संशोधन २०८०), नेपाल प्रहरीले अनुसन्धान गरेका चर्चित घटनाहरुको संग्रह भाग -१ पुस्तक प्रदान गर्नुभयो । निरीक्षण भ्रमणका क्रममा गृहसचिव अर्यालज्यूले नेपाल प्रहरी प्रधान कार्यालय तथा कार्यालयस्थित संग्रहालय, पोलिग्राफ शाखा, डाटा सेन्टर र डिजिटल फरेन्सिक ल्यावको निरीक्षण भ्रमण गर्नुभई उपस्थित प्रहरी कर्मचारीहरूलाई निर्देशन समेत दिनुभयो।

## बिदाई तथा फेरी भेटौंला कार्यक्रम सम्पन्न



***काठमाडौं, १४ चैत***

नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागबाट सरूवा भई जिल्ला प्रहरी कार्यालय, मोरङ जान लाग्नु भएका प्रहरी नायव उपरीक्षक वेद प्रकाश जोशीज्यू को विदाई तथा फेरि भेटौला कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रममा अपराध अनुसन्धान विभागका विभागिय प्रमुख अतिरिक्त महानिरीक्षक टेक बहादुर तामाङज्यू, सिनियर प्रहरी अधिकृतज्यूहरु, जुनियर प्रहरी अधिकृतहरु, प्रहरी हवल्दार र प्रहरी जवानहरुको उपस्थिती रहेको थियो। सो अवसरमा विदाई भई जान लाग्नु भएका प्रहरी नायव उपरीक्षकज्यूले आफ्नो तर्फबाट प्रतिवद्दता मन्तव्य ब्यक्त गर्नु भएको थियो। अपराध अनुसन्धान विभागका विभागिय प्रमुख अतिरिक्त महानिरीक्षक टेक बहादुर तामाङज्यूले प्रहरी नायव उपरीक्षकज्यूलाई विदाई गर्नुका साथै कार्यक्षेत्रमा कुशलतापूर्वक कार्यसम्पन्न गर्न निर्देशन समेत दिनुभयो।

## बिदाई तथा फेरी भेटौंला कार्यक्रम सम्पन्न



***काठमाडौं, १२ चैत***

नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागबाट सरूवा भई जिल्ला प्रहरी कार्यालय, रामेछाप जान लाग्नु भएका प्रहरी नायव उपरिक्षक प्रदिप कुमार सिंह र केन्द्रीय अनुसन्धान ब्युरो लाजिम्पाट,काठमाडौं जान लाग्नु भएका प्रहरी निरीक्षक राजु अधिकारीज्यूको विदाई तथा फेरि भेटौला कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रममा अपराध अनुसन्धान विभागका विभागिय प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक टेक बहादुर तामाङज्यू, सिनियर प्रहरी अधिकृतज्यूहरु, जुनियर प्रहरी अधिकृतहरु, प्रहरी हवल्दार र प्रहरी जवानहरुको उपस्थिती रहेको थियो। सो अवसरमा विदाई भई जान लाग्नु भएका प्रहरी नायव उपरिक्षकज्यू र प्रहरी निरीक्षकज्यूले आ-आफ्नो तर्फबाट प्रतिवद्दता मन्तव्य ब्यक्त गर्नु भएको थियो। अपराध अनुसन्धान विभागका विभागिय प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक टेक बहादुर तामाङज्यूले सरूवा हुनु भएका प्रहरी नायव उपरिक्षकज्यू र प्रहरी निरीक्षकज्यूलाई विदाई गर्नुका साथै कार्यक्षेत्रमा कुशलतापूर्वक कार्यसम्पन्न गर्न निर्देशन समेत दिनुभयो।

## बिदाई तथा फेरी भेटौंला कार्यक्रम सम्पन्न





***काठमाडौं, २३ चैत***

नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागबाट सरूवा भई जिल्ला प्रहरी कार्यालय, कास्की जान लाग्नु भएका प्रहरी नायव उपरीक्षक वसन्त कुमार शर्माज्यूलाई विदाई तथा फेरि भेटौला कार्यक्रम सम्पन्न भयो। उक्त कार्यक्रममा अपराध अनुसन्धान विभागका विभागिय प्रमुख अतिरिक्त महानिरीक्षक टेक बहादुर तामाङज्यू, सिनियर प्रहरी अधिकृतज्यूहरु, जुनियर प्रहरी अधिकृतहरु, प्रहरी हवल्दार र प्रहरी जवानहरुको उपस्थिती रहेको थियो।। सो अवसरमा विदाई भई जान लाग्नु भएका प्रहरी नायव उपरीक्षक वसन्त कुमार शर्माज्यूले आफ्नो तर्फबाट प्रतिवद्दता मन्तव्य ब्यक्त गर्नु भएको थियो। अपराध अनुसन्धान विभागका विभागिय प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक टेक बहादुर तामाङज्यूले सरूवा हुनु भएका प्रहरी नायव उपरीक्षकज्यूलाई विदाई गर्नुका साथै कार्यक्षेत्रमा कुशलतापूर्वक कार्यसम्पन्न गर्न निर्देशन समेत दिनुभयो

## कानून कार्यन्वयनमा अर्ध न्यायिक निकायहरुसँगको छलफल कार्यक्रम सम्पन्न



***काठमाडौं, २३ चैत***

नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागमा अर्ध न्यायिक निकायहरुसँगको समन्वयात्मक बैठक तथा छलफल कार्यक्रम सम्पन्न भयो। उक्त कार्यक्रममा अपराध अनुसन्धान विभागबाट विभागीय प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक टेक बहादुर तामाङज्यू, सिनियर प्रहरी अधिकृतज्यूहरु, जुनियर प्रहरी अधिकृतहरु र अर्ध न्यायिक निकायका प्रतिनिधीहरु : औषधी व्यवस्था विभाग, विजुलीबजारका महानिर्देशक, वैदेशिक रोजगार विभाग, ताहाचालका निर्देशक, अध्यागमन विभाग,कालिकास्थानका निर्देशक, राजश्व अनुसन्धान विभाग, हरिहर भवनका निर्देशक, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, बबरमहलका कार्यालय प्रमुख, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, बबरमहलका उपसचिव, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग बबरमहलका निर्देशक, भन्सार विभाग, त्रिपुरेश्वरका उप-निर्देशक, र सम्पति शुद्धिकरण अनुसन्धान विभाग पुल्चोकका प्रहरी उपरीक्षकहरुको सहभागितामा समन्वयात्मक बैठक तथा छलफल कार्यक्रम आयोजना गरी सेवा प्रवाह, शान्ति सुरक्षा, खानतलासी/बरामदी, पक्राउ, हिरासत, थुनुवा/कैदीको ओसारपसार र अन्य विविध विषयबस्तु बारे छलफल तथा अन्तरक्रियात्मक कार्यक्रम सञ्चालन भएको थियो। विभिन्न निकायहरुबाट सो सम्बन्धमा सकारात्मक प्रतिक्रिया प्राप्त भएको र आगामी दिनमा थप समन्वय गरी अगाडि बढ्ने प्रतिबद्धता समेत प्राप्त भएको थियो।

## इन्टरपोलबाट रेड नोटिस जारी भएका फरार व्यक्ति कुवेतबाट पक्राउ

***काठमाडौं, १ चैत***

लागूऔषध खैरो हेरोइन मुद्दामा इन्टरपोलबाट रेड नोटिस जारी भएका फरार प्रतिवादी ईलाम नगरपालिका-१२ ठेगाना भएका २९ वर्षीय रोशन राईलाई एनसिबि कुवेतको समन्वयमा कुवेतमा पक्राउ परेका उनलाई सम्बन्धित मुद्दामा कारवाही गर्ने/गराउने




प्रयोजनार्थ नेपाल फिर्ता ल्याइएको छ। ईलाम नगरपालिका-९ ठेगाना भएका २५ वर्षीय बिकास बसेल समेत ३ जनालाई अवैध लागूऔषध खैरो हेरोइन ३७ ग्राम ५ सय मिलिग्राम र डिजिटल तराजु १ थानसहित गत साउन २६ गते काठमाडौंका विभिन्न स्थानबाट प्रहरीले पक्राउ गरेको थियो। थप अनुसन्धान एवम् सोधपुछको क्रममा उक्त लागूऔषधको कारोबारमा रोशन राई समेतको संलग्नता रहेको खुल्न आएपछि अन्तर्राष्ट्रिय स्तरमा खोजतलास एवं पक्राउ गर्नको लागि नेशनल सेन्ट्रल ब्युरो (एनसिबी) काठमाडौंको अनुरोधमा इन्टरपोल महासचिवालयबाट यही पुस २५ गते उनी विरुद्ध रेड नोटिस जारी भएको थियो। उनलाई आवश्यक अनुसन्धान एवम् कारवाहीको लागि लागूऔषध नियन्त्रण ब्यूरो कोटेश्वरमा बुझाइएको छ।

## Virtual माध्यमबाट Plea Bargaining Presentation र अन्तरक्रिया कार्यक्रम सम्पन्न



***काठमाडौं, १५ चैत***

Virtual माध्यमबाट Plea Bargaining Presentation र अन्तरक्रिया कार्यक्रम अपराध अनुसन्धान विभागका विभागीय प्रमुख, प्रहरी अतिरिक्त महानिरीक्षक टेक बहादुर तामाङज्यूको आतिथ्यतामा सम्पन्न भयो। उक्त कार्यक्रममा भौतिक रुपमा महान्यायाधिवक्ताको कार्यालय, रामशाह पथबाट नायव महान्यायाधिवक्ता संजिव रेग्मीज्यू र प्रहरी बरिष्ठ अधिकारीहरू साथै भर्चुअलमाध्यमबाट काठमाण्डौ उपत्यका प्रहरी कार्यालय, प्रदेश प्रहरी कार्यालय, जिल्ला प्रहरी परिसर , जिल्ला प्रहरी कार्यालय र मुद्धा चल्ने प्रहरी इकाईहरूको प्रमुख तथा प्रतिनिधिज्यूहरूको उपस्तिथि रहेको थियो । उक्त कार्यक्रममा महान्यायाधिवक्ताको कार्यालयका नायव महान्यायाधिवक्ता संजिव रेग्मीज्यूले Plea Bargaining सामान्य अर्थमा दाबीको सौदाबाजी भन्नाले फौजदारी मुद्दामा गरिने त्यस्तो सम्झौता वा लेनदेन Plea Agreement or Plea Deal) लाई बुझाउँदछ। जसमा अभियोक्ता (Prosecutor) ले अभियुक्त वा प्रतिवादीलाई कसूर स्वीकार गरी वयान दिएमा कम सजायको माग दाबी लिने वा अधिकतम भन्दा सजाय कम गर्न सिफारिस गर्दछ । न्याय प्रशासनको क्षेत्रमा आधुनिक अवधारणाको रुपमा आएको यस सिद्धान्तमा (१) अभियोगको सौदाबाजी (Charge Bargaining) (२) धरौटी सौदाबाजी ( Bail Bargaining) र (३) सजायको सौदाबाजी (Sentence Bargaining) गरी ३ प्रकार प्रचलनमा रहेको र फौजदारी कानूनको क्षेत्रमा आधुनिक मान्यता रहेको सम्बन्धमा थप स्पष्ट पार्नु भएको थियो। मूलत :अपराध अनुसन्धान प्रक्रियामा रहेको कमी कमजोरी अनुसन्धानमा चाहिने वैज्ञानिक साधन स्रोतको अभावको कारणले सजिलै अपराधी पहिचान गर्न नसकिने अवस्था, यान्त्रिक अभियोजन, अदालतमा मुद्दाको चाप, अव्यवस्थित र भिड भाड युक्त कारागार जस्ता फौजदारी न्याय प्रणाली भित्र विद्यमान समस्याको कारणले यस प्रणालीमा सुधार गर्ने विभिन्न प्रक्रिया मध्ये एक रहेको समेत बताउनु भयो। जिकिरको सौदाबाजी हुन कसूर स्वीकार गरी पश्चाताप गरेर मात्र पुग्दैन,अभियुक्तले कसूरमा सावित भई आफ्नो स्वच्छ सुनुवाईको संवैधानिक हक परित्याग गरे वापत राज्यले अपराध अनुसन्धान कार्य गर्दा व्यहोर्नु पर्ने अतिरिक्त मेहनत र हैरानीलाई व्यहोर्नु नपरे वापत राज्यको तर्फबाट त्यस्तो कसूरलदारलाई सहयोग गर्ने प्रक्रिया भएको र विश्वका ठूला मुलुकमा कार्यान्वयनमा रहेको यस व्यवस्थाले फौजदारी कसूरका अनुसन्धान तथा अभियोजनमा सकारात्मक परिणाम देखिएको साथै नेपालको कानुनमा समेत रहेको सो कानुनी व्यवस्थालाई कार्यान्वयन तर्फ तदारुकता साथ कार्यान्वयन गर्ने सम्बन्धमा छलफल भएको थियो। अन्तमा अन्तरक्रिया कार्यक्रमका प्रमुख अतिथि प्रहरी अतिरिक्त महानिरीक्षक टेक बहादुर तामाङज्यूले निर्देशन दिनुहुँदै उपस्थितमा धन्यवाद ज्ञापन सहित कार्यक्रम समापन भएको थियो।

## PMIS (Personnel Management Information System) Training सम्पन्न




***काठमाडौं, ९ चैत***

राष्ट्रिय प्रहरी प्रतिष्ठान, महाराजगञ्जको तत्वावधानमा नेपाल प्रहरी प्रधान कार्यालय, सूचना प्रविधि निर्देशनालयका प्रमुख प्रहरी नायव महानिरीक्षक अरुण कुमार भण्डारीज्यूको प्रमुख आतिथ्यतामा मिति २०८० फागुन २० गते देखि संचालित १६ कार्यदिन अवधिको गैह्-आवासीय आधारभुत २०८० चैत ०९ गते सम्पन्न भयो। उक्त तालिममा प्रहरी नायव निरीक्षक २, प्रहरी सहायक निरीक्षक ४, प्रहरी हवल्दार ८, प्रहरी सहायक हवल्दार १० जना र प्रहरी जवान ११ जना गरी जम्मा ३५ जना प्रशिक्षार्थीहरुको सहभागिता रहेको थियो। सबै प्रशिक्षार्थीहरु "क" श्रेणीमा सफलतापुर्वक उतिर्ण हुनु भएको थियो। सहभागी प्रशिक्षर्थीहरुलाई प्रहरी नायव महानिरीक्षक अरुण कुमार भण्डारीज्यूले बधाई समेत व्यक्त गर्नुभयो। उक्त अवसरमा भण्डारीज्यूले प्रशिक्षार्थीहरुलाई प्रमाण-पत्र वितरण गर्दै प्रशिक्षार्थीले तालिमबाट प्राप्त गरेका ज्ञान, सिप र दक्षतालाई आ-आफ्नो कार्य क्षेत्रमा जिम्मेवारी पूर्वक त्रुटिरहित ढंगबाट कार्य सम्पादन गर्नुपर्ने बताउनुभयो।





**STOP DOMESTIC VIOLENCE**


# अपराध तथ्याङ्क





## त्रैमासिक उपत्यका तथा प्रदेशगत मुद्दा दर्ता संख्या (माघ- चैत)




## त्रैमासिक मुद्दा दर्ता र फछ्र्यौट संख्या (माघ-चैत)





## वार्षिक अपराध तंथ्याक (०७७/०७८ देखि ०८०।०८१ चैत सम्म)




## जघन्य अपराधको प्रदेशगत मुद्दा दर्ता ( आ.व. २०८०।०८१ चैत)





## गम्भीर अपराधको प्रदेशगत मुद्दा दर्ता (आ.व. २०८०।०८१ चैत)




## सामान्य अपराधको प्रदेशगत मुद्दा दर्ता संख्या (आ.व. २०८०।०८१ चैत)





## २०८० चैत महिनामा घरेलु हिंसा सम्बन्धी विवरण



## २०८० चैत महिनामा जबरजस्ती करणी मुद्दामा पीडित र अभियुक्तको सम्बन्ध विश्लेषण





## २०८० चैत महिनामा भौगोलिक स्थानको आधारमा जबरजस्ती करणीको घटनास्थल संख्यागत विवरण




## २०८० चैत महिनाको फैसला कार्यान्वयन तर्फको फरार अभियुक्तको पक्राउ संख्या

| सि.नं. | प्रदेश/उपत्यका/व्यूरोको नाम | कुल पक्राउ संख्या | कैद | असुल जरिवाना (रु.) |
|---|---|---|---|---|
| १. | काठमाण्डौ उपत्यका प्रहरी कार्यालय, रानीपोखरी | ११३ | ४३ वर्ष ३ महिना २६ दिन | ११२००४१८ |
| २. | कोशी प्रदेश प्रहरी कार्यालय, विराटनगर | २९३ | १४२ वर्ष ११ महिना ८ दिन | ५३७३५८६ |
| ३. | मधेश प्रदेश प्रहरी कार्यालय, जनकपुर | ५६४ | ५७ वर्ष ६ महिना २५ दिन | १३६१०२२६ |
| ४. | बाग्मती प्रदेश प्रहरी कार्यालय, हेटौडा | २१६ | ४४ वर्ष ७ महिना ४ दिन | १५३१२२२५ |
| ५. | गण्डकी प्रदेश प्रहरी कार्यालय, पोखरा | ९४ | ५२ वर्ष ८ महिना २२ दिन | १६२२४०७ |
| ६. | लुम्बिनी प्रदेश प्रहरी कार्यालय, दाङ | १९० | १०१ वर्ष ८ महिना २५ दिन | ९९५२७६ |
| ७. | कर्णाली प्रदेश प्रहरी कार्यालय, सुर्खेत | १६ | ९ वर्ष ३ महिना २३ दिन | १३७३४० |
| ८. | सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय, धनगढी | १०४ | ३३ वर्ष ४ महिना १३ दिन | ३२२४५०३ |
| ९. | केन्द्रीय अनुसन्धान व्यूरो, महाराजगञ्ज | ५ | ९० वर्ष ० महिना २ दिन | २५९०००० |
| **जम्मा** | | **१५९५ जना** | **५७५ वर्ष ६ महिना २८ दिन** | **रु. ५,४०,६५,९८१** |

## २०८० चैत महिनाको लागू औषध कारोवारमा संलग्न व्यक्ति पक्राउ तथा मुद्दा संख्या





## २०८० फागुन र चैत महिनाको लागू औषध कारोवारमा संलग्न व्यक्ति पक्राउ संख्या



# प्रहरी सेवा प्रवाह

## २०८० चैत महिनामा प्रहरी चारित्रिक प्रमाणपत्रका लागि अपराध अभिलेख चेकजाँच सम्बन्धी संख्या





## २०८० चैत महिनामा चालचलन शाखाको प्रगती विवरण

| क्र.सं. | विवरण | प्रगती | |
|---|---|---|---|
| १ | Online System मार्फत प्रहरी चारित्रिक प्रमाण पत्र दर्ता/बितरण | दर्ता | बितरण |
| | | ९७८१८ | ८३८१८ |
| २ | तालुक गृह मन्त्रालय सीमा तथा अध्यागमन शाखाबाट कार्य सहमतिको लागि तथा स्थानीय प्रशासन तथा प्रदेश समन्वय शाखावाट Security Clearance को लागि प्राप्त | ४५५ | ३३७ |
| ३ | नागरिक उड्ड्यन कार्यालय प्रहरी प्रतिवेदन | ० | ० |
| ४ | राजदुतावासहरुबाट प्राप्त (अपराधिक अभिलेख) | ३६ | ३६ |
| ५ | औंठाछाप प्रमाणिकरण | २०० | २०० |
| ६ | अन्य (रिट निवेदन/उजुरी छानबिन) | १४ | १४ |
| **जम्मा** | | **९८,५२३** | **८४,४०५** |

## सामुदायिक प्रहरी गतिविधि

२०८० चैत महिनामा सामुदायिक सुरक्षा महाशाखा मातहत देशभरिका समुदाय-प्रहरी साझेदारी र सामुदायिक प्रहरी सेवा केन्द्रहरूद्वारा समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत सञ्चालित कार्यक्रम एवम् गतिविधिहरु :

(गृह प्रशासन सुधार कार्ययोजना २०७४, बुँदा नं. १२४ कार्यक्रमहरू)







***जि.प्र.का. सुर्खेत बिपद अभियान***

# आसरा सुधार केन्द्र

## २०८० चैत महिनामा लागू औषध सेवनकर्ताहरुको उपचारार्थ संख्या





## चैत महिनामा नेपालमा रहेका विदेशी नागरिकहरुको संख्यात्मक विवरण


| सि.न. | कार्य बिबरण | संख्या |
|---|---|---|
| १. | विदेशी नागरिकहरूको मृत्यु | १५ जना |
| २. | विदेशी नागरिकहरूको पक्राउ | ३५ जना |
| ३. | हराएका विदेशी नागरिक | ०२ |
| ४. | नेपालको बिभिन्न क्षेत्रमा ट्रेकिङ गएका विदेशी नागरिकहरुको विवरण | ३१,६९३ जना |
| ५. | विदेशी नागरिकहरु पक्राउ गरी थप कारवाहीका लागि अध्यागमन कार्यालय पठाईएको | - |

# खोजतलास तथा समन्वय

## २०८० चैत महिनामा हराएका, फेला परेका तथा खोजतलास भएका बालबालिकाहरुको संख्या




## चैत महिनामा वेवारिसे फेला परेका मध्ये पारिवारिक पुनर्मिलन र बालगृहमा रहेका बालबालिका सम्बन्धी संख्यात्मक विवरण




# अपराध अनुसन्धानमा सहायता प्रदान

## डिजिटल फरेन्सिक ल्याव (Digital Forensic Lab)

❖ Digital Forensics Lab बाट २०८० सालको चैत महिनामा बिभिन्न १७ वटा मुद्दा शीर्षक (चोरी, किर्ते,ज्यान सम्बन्धी कसूर, आत्महत्या दुरुत्साहन, झुण्डी मृत्यु, मानव वेचविखन, बिद्युतीय कसूर, जबरजस्ती करणी, कर्तब्य ज्यान, ठगी, संगठित अपराध, बालयौन दुरुपयोग, बैकिङ कसूर, अनलाईन ठगी, जवरजस्ती करणी, सुन तस्करी, सवारी दुर्घटना र वेवारीसे लास) अन्तर्गत ५५ वटा मुद्दाको २७२ वटा सबुदहरु परीक्षण गरिएको।

## दूरसंचार समन्वय शाखा (Telecommunication Co-ordination Centre )

❖ चैत महिनामा अपराध अनुसन्धानको सिलसिलामा विभिन्न प्रहरी इकाईहरु तथा नेपाल प्रहरी प्रदेश कार्यालयहरुबाट माग भई आएका Operational Data हरु दूरसंचार सेवा प्रदायक संस्थाहरुसँग समन्वय गरी निम्नानुसारको संख्यामा समयमै सम्बन्धित कार्यालयहरुलाई उपलब्ध गराएको।




## नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशाला (NPCFSL), सामाखुशी

- नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशाला सामाखुशी काठमाण्डौबाट **२०८०/१२/०१ गतेदेखि २०८०/१२/३० गतेसम्म** विभिन्न मुद्दा चल्ने प्रहरी कार्यालयहरुबाट परीक्षणको लागि **५६०** केशहरु र **३३५०** नमूनाहरु प्राप्त भएकोमा नयाँ /पुरानो पेण्डीङ केशहरु समेत गरी **४३५** केशहरु र **३२४२** नमूनाहरु परीक्षण गरिएको।
- मिति २०८०/१२/०१ गते देखि २०८०/१२/३० गते सम्म यस प्रयोगशालाबाट (AFIS) मा **१८८३** DATA Entry भएको।
- **नेपाल प्रहरी प्रदेश कार्यालय, विधि विज्ञान इकाई, धरान, सुनसरीबाट २०८०/१२/०१ गतेदेखि २०८०/१२/३० गतेसम्म** विभिन्न मुद्दा चल्ने प्रहरी कार्यालयहरुबाट परीक्षणको लागि **१९४** केशहरु र **६५०** नमूनाहरु प्राप्त भएकोमा नयाँ / पुरानो पेण्डीङ केशहरु समेत गरी **२०२** केशहरु र **७०८** नमूनाहरु परीक्षण गरिएको।
- **नेपाल प्रहरी प्रदेश कार्यालय, विधि विज्ञान इकाई, गणेशमानचोक, नेपालगंजबाट २०८०/१२/०१ गतेदेखि २०८०/१२/३० गतेसम्म** विभिन्न मुद्दा चल्ने प्रहरी कार्यालयहरुबाट परीक्षणको लागि **५२** केशहरु र **१५०** नमूनाहरु प्राप्त भएकोमा नयाँ / पुरानो पेण्डीङ केशहरु समेत गरी **४३** केशहरु र **१४१** नमूनाहरु परीक्षण गरिएको।

## केनाईन (K9) महाशाखा, महाराजगञ्ज

**२०८० चैत महिनामा परिचालित संख्या**






कुकुरलाई सबुद सुघाउँदै

# अपराध समाचार

## कर्तव्य ज्यान सम्बन्धी

### हत्यामा संलग्न रहेको अभियोगमा दुई जना पक्राउ

***झापा, १ चैत***

गौरादह नगरपालिका-७ योगिटार बस्ने ८२ वर्षीया नरमाया बिश्वकर्माको हत्या भएको घटनामा संलग्न रहेको अभियोगमा २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा मृतककै नाती १८ वर्षीय किशोर र सोही ठाउँ बस्ने १८ वर्षीय किशोर रहेका छन्। घरबाट हराएकी नरमायाको खोजी गर्ने क्रममा आफ्नै घर पछाडी रहेको गुवालीमा खाल्डो खनेर गाडेको अवस्थामा शव फेला परेको थियो। घटनाको अनुसन्धानको क्रममा इलाका प्रहरी कार्यालय गौरीगञ्जबाट खटिएको प्रहरीले हत्यामा संलग्न उनीहरूलाई पक्राउ गरेको हो। शौचालय जान उठेकी नरमायालाई फलामको रड प्रहार गर्दा घटनास्थलमै मृत्यु भएको र हजुरआमाको मृत्यु भए पश्चात आफ्नो साथीको सहयोगमा घर नजिकै रहेको गुवालीमा खाल्डो खनेर गाडेको प्रारम्भिक अनुसन्धानको क्रममा खुल्न आएको छ। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### हत्या गरेको अभियोगमा पक्राउ

***काठमाडौं, ४ चैत***

गोकर्णेश्वर नगरपालिका-३ बस्ने १८ वर्षीया सुष्मा लामाको हत्या गरेको अभियोगमा सोही नगरपालिका-३ तारेभिर बस्ने २१ वर्षीय रूपेन्द्र लामालाई प्रहरीले पक्राउ गरेको छ। सोही नगरपालिका-३ तारेभिरस्थित शिवपुरी राष्ट्रिय निकुन्जको जंगलमा फागुन २४ गते सुष्माको शव फेला परेको थियो। घटनाको अनुसन्धान गर्ने क्रममा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले घटनामा संलग्न रूपेन्द्रलाई पक्राउ गरेको हो। सुष्मा एक्लै कलेज गईरहेको अवस्थामा बाटो छेकी प्रेम प्रस्ताव राखेकोमा ईन्कार गरेपश्चात रूपेशले हत्या गरेको प्रारम्भिक अनुसन्धानबाट खुल्न आएको छ। उनलाई थप अनुसन्धान तथा कारवाहीको लागि प्रहरी वृत्त बौद्ध पठाईएको छ।

### चक्कु प्रहार गरी हत्या गरेको घटनामा संलग्न ४ जना पक्राउ

***ललितपुर, १३ चैत***

ललितपुर महानगरपालिका-२६ ढोलाहिटीमा सुनसरी धरान उपहानगरपालिका-१३ जिरो घर भएका २८ वर्षीय रोवश राई र पाँचथर मिक्लाजुङ गाउँपालिका-६ घर भएका २७ वर्षीय पुजन राईको धारिलो हतियार चक्कु प्रहारबाट मृत्यु भएको घटनामा संलग्न रहेको अभियोगमा ४ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा खोटाङ साकेला गाउँपालिका-२ सेखुवा घर भई ललितपुर महानगरपालिका-२६ जैनखेल बस्ने डि पोपिना रेष्टुरेन्टका संचालक ३१ वर्षीय बिजय राई, खोटाङ साकेला गाउँपालिका-२ रतन्छा घर भई ललितपुर महानगरपालिका-१५ खुमलटार बस्ने डि पोपिनाका संचालक ३० वर्षीय सुलभ राई, भोजपुर ट्याम्केमयुङ गाउँपालिका-२ अन्नपूर्ण घर भई ललितपुर महानगरपालिका- २६ जैनखेल बस्ने ३८ वर्षीय बिशाल हाङ मुकारूङ राई र काठमाडौं गोकर्णेश्वर नगरपालिका-११ घर भई ललितपुर महालक्ष्मी नगरपालिका-६ सानागाउँ बस्ने २५ वर्षीय छेङ्वीहाङ राई रहेका छन्। साथै प्रहरीले थप अनुसन्धानको लागि अन्य ८ जनालाई समेत नियन्त्रणमा लिएको छ। ललितपुर ढोलाहिटीस्थित डि पोपिना रेष्टुरेन्टमा युवाहरूको समूह बिच विवाद हुँदा रेष्टुरेन्टका संचालक बिजय राई समेतले रेष्टुरेन्ट भान्सामा रहेको चक्कु प्रहार गर्दा गम्भीर घाइते भएका पुजनको सुमेरू अस्पतालमा र रेवशको पाटन अस्पतालमा उपचारको क्रममा मृत्यु भएको थियो। प्रहरीले हाल फरार घटनाको मुख्य प्रतिवादीहरूलाई भगाउने १ जना व्यक्तिको खोजी गर्नुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ।

### हजुरआमाको हत्या गरेको अभियोगमा पक्राउ

***पर्सा, २९ चैत***

आफ्नै हजुरआमा ८० वर्षीया सवरजिया देवी पाण्डेको हत्या गरेको अभियोगमा बिन्दवासनी गाउँपालिका-५ हस्वा टोल बस्ने ३० वर्षीय अजय कुमार पाण्डेलाई प्रहरीले पक्राउ गरेको छ। जग्गा जमिनको विषयमा विवाद भई अजयले कुटपिट गर्दा गम्भीर घाइते भएकी सवरजिया देवीको पोखरिया अस्पतालमा उपचारको क्रममा मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी प्रसौनी भाटा र इलाका प्रहरी कार्यालय पोखरियाबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## बैंकिङ कसूर, चोरी तथा ठगी सम्बन्धी

### चेक रिपब्लिक पठाइदिन्छु भन्दै रकम ठगी गर्ने व्यक्ति पक्राउ

***काठमाडौं, ५ चैत***

चेक रिपब्लिक पठाइदिन्छु भन्दै २९,००००० (उनान्तिस लाख) रूपैयाँ ठगी गरेको अभियोगमा बुढानिलकण्ठ नगरपालिका-५ बस्ने २७ वर्षीय संजिभ तामाङलाई प्रहरीले पक्राउ गरेको छ। तामाङले ११ जनालाई वैदेशिक रोजगारीका लागि चेक रिपब्लिक पठाई प्रतिष्ठित कम्पनीमा मासिक १,२०,००० (एक लाख बिस हजार) रूपैयाँ तलबमा काम लगाइदिन्छु भन्दै प्रलोभनमा पारी पीडितहरूबाट पटक पटक गरी उक्त रकम ठगी गरेको खुल्न आएको छ। काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले उनलाई काठमाडौं कपनबाट पक्राउ गरेको हो। उनलाई थप अनुसन्धान तथा कारवाहीको लागि वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौं पठाइएको छ।

### ग्रीस पठाइदिन्छु भन्दै रकम ठगी गर्ने दुई जना पक्राउ

***काठमाडौं, ८ चैत***

ग्रीस पठाइदिन्छु भन्दै ६९,३०,००० (उनान्सत्तरी लाख तिस हजार) रूपैयाँ ठगी गरेको अभियोगमा २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा महोत्तरी गौशाला नगरपालिका-१२ घर भई काठमाडौं महानगरपालिका-६ बौद्द बस्ने २३ वर्षीय निशेष कुमार मुक्तान र गोरखा धार्चे गाउँपालिका-५ घर भई काठमाडौं महानगरपालिका-३ बसुन्धरा बस्ने २० वर्षीया बिनिता गुरुङ रहेका छन्। उनीहरूले १२ जनालाई वैदेशिक रोजगारीका लागि ग्रीस पठाई प्रतिष्ठित कृषी कम्पनीमा मासिक १ लाख रूपैयाँ तलबमा काम लगाइदिन्छु भन्दै प्रलोभनमा पारी पीडितहरूबाट पटक पटक गरी उक्त रकम ठगी गरेको खुल्न आएको छ। काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले निशेषलाई काठमाडौं बौद्धबाट र बिनितालाई काठमाडौं बसुन्धाराबाट पक्राउ गरेको हो। उनीहरूलाई थप अनुसन्धान तथा कारवाहीको लागि वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौं पठाइएको छ।

## वैदेशिक रोजगारमा विभिन्न देश पठाईदिन्छु भनी ठगी गर्ने दुई जना पक्राउ

***काठमाडौं, १३ चैत***

वैदेशिक रोजगारमा आकर्षक तलबको प्रलोभनमा देखाई विभिन्न देश पठाईदिन्छु भनी ठगी गरेको अभियोगमा २ जनालाई शुक्रबार प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा गोरखा सहिद लखन गाउँपालिका-८ घर भई काठमाडौं टोखा नगरपालिका-९ बस्ने २८ वर्षीय समिर राज वाग्ले र रूकुम चौरजहारी नगरपालिका-४ घर भई काठमाडौं महानगरपालिका-२६ नयाँ बसपार्क बस्ने २६ वर्षीय खड्क बहादुर भण्डारी रहेका छन् । पक्राउमध्ये समिरले न्यूजिल्याण्ड पठाईदिन्छु भन्दै पीडितबाट १ लाख ५० हजार रूपैयाँ ठगी गरेको र खड्क बहादुरले रोमानिया पठाईदिन्छु भन्दै ३ लाख ५० हजार रूपैयाँ ठगी गरेको खुल्न आएको छ । काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले समिरलाई काठमाडौं मनमैजु र खड्क बहादुरलाई काठमाडौं नयाँ बसपार्कबाट पक्राउ गरेको हो । उनीहरूलाई थप अनुसन्धान तथा कारवाहीको लागि वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौं पठाइएको छ ।

## बैंकिङ कसूर मुद्दाका फरार प्रतिवादी पक्राउ

***काठमाडौं, १६ चैत***

बैंकिङ कसूर मुद्दाका फरार प्रतिवादी दोलखा जिरी नगरपालिका-३ घर भई काठमाडौं महानगरपालिका-३२ तिनकुने बस्ने ४१ वर्षीय शिव बहादुर खड्कालाई प्रहरीले पक्राउ गरेको छ । उच्च अदालत पाटनबाट बैंकिङ कसूर मुद्दामा २ दिन कैद र ९,९०,००० ( नौ लाख नब्बे हजार) रूपैयाँ जरिवाना तथा क्षतिपुर्ति बापत पीडित राहत कोषमा ३९,६०० ( उन्चालिस हजार छसय) सय रूपैयाँ जम्मा गराउने फैसला ठहर भई फरार रहेका उनलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले ललितपुर ग्वार्कोबाट पक्राउ गरेको हो । उनलाई फैसला कार्यान्वयनको लागि जिल्ला अदालत ललितपुर लगनखेल पठाइएको छ ।

## विभिन्न धनमाल चोरी

***काठमाडौं, २० चैत***

काठमाडौं, टोखा नगरपालिका-३ धनेश्वर हाउजिङ पुल नजिकै बस्ने पर्वत वियादी गाउँपालिका-१ घर भएका शम्भु शर्मा सिलवालको घरबाट सुनका विभिन्न गहना तथा नगद गरी करिब ८ लाख रूपैयाँ बराबरको धनमाल चोरी भएको छ ।

यसैगरी काठमाडौं, बुढानिलकण्ठ नगरपालिका-१० कपन मिलन चोक बस्ने ७० वर्षीया शान्ता लम्सालको घरबाट कोही नभएको अवस्थामा नगद १२ लाख रूपैयाँ तथा सुनका विभिन्न गहना गरी करिब १९ लाख रूपैयाँ बराबरको धनमाल चोरी भएको छ ।

यसैगरी काठमाडौं महानागरपालिका-५ हाडिगाउँ डेरा गरी बस्ने गोरखा सिरानचोक गाउँपालिका-२ घर भएका ४५ वर्षीया गोमा परियारको कोठाबाट सुनका विभिन्न गहना गरी करिब २ लाख ४५ हजार रूपैयाँ बराबरको धनमाल चोरी भएको छ ।

भक्तपुर, मध्यपुरठिमी नगरपालिका-१ लोकन्थली डेरा गरी बस्ने सिन्धुली तिनपाटन गाउँपालिका-९ घर भएका २८ वर्षीय भुवन भण्डारीको कोठाबाट सुनका विभिन्न गहना तथा नगद ७० हजार रूपैयाँ गरी करिब ९ लाख १५ हजार रूपैयाँ बराबरको धनमाल चोरी भएको छ । प्रहरीले चोरीमा संलग्न हाल फरार व्यक्तिहरूको खोजी गर्नुको साथै यस सम्बन्धमा थप अनुसन्धान गरिरहेको छ ।

## सुनको सिक्री लुटेर भाग्ने क्रममा दुई जना महिला पक्राउ

***कास्की, २५ चैत***

घाँटीमा लगाएको सुनको सिक्री लुटेर भाग्ने क्रममा २ जना महिलालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा भारत रक्सौल घर बताउने ४० वर्षीया गीता हरिजन र ५५ वर्षीया खैरेनीया हरिजन रहेका छन् । पोखरा महानगरपालिका-९ नयाँबजारस्थित तनहुँ ब्यास नगरपालिका-३ घर भएकी ६० वर्षीया महिला गाडीबाट झर्ने क्रममा सोही गाडीमा आएका उनीहरूले पीडित महिलाले घाँटीमा लगाएको करिब १ तोलाको सुनको सिक्री लुटी भाग्ने क्रममा जिल्ला प्रहरी कार्यालय कास्कीबाट खटिएको प्रहरीले सिक्रीसहित उनीहरूलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

## कुवेत पठाइदिने भनि श्रीलंका पुऱ्याई मानव बेचबिखन गर्ने व्यक्ति पक्राउ

***काठमाडौं, २९ चैत***

कुवेतमा मासिक २८ हजार रूपैयाँ तलवमा काममा लगाईदिने प्रलोभनमा पारी श्रीलंकाको कोलम्बोमा पुऱ्याई मानव बेचबिखन गरेको अभियोगमा रसुवा नौकुण्ड गाउँपालिका-१ ठेगाना भएका ५२ वर्षीय नुर्वु घले भन्ने नुर्बु स्याङबो घलेलाई बुधबार प्रहरीले पक्राउ गरेको छ । घले समेतका व्यक्तिहरूले कुवेतमा काममा लगाईदिने लोभ लालचमा पारी पीडितको राहदानी समेत आफ्नै खर्चमा बनाई २०७३ साउनमा भारतको नयाँदिल्ली हुँदै भिजिट भिसामा श्रीलंकाको कोलम्बोमा पुऱ्याएको खुल्न आएको छ । तत्पश्चात कुटपिट गरी कोठामा बन्धक बनाई राखेको अवस्थामा नेपाल प्रहरी तथा अन्य संघ संस्थाको समन्वयमा पीडित नेपाल फर्किन सफल भएका थिए । घटनामा संलग्न रही फरार रहेका घलेलाई मानव बेचबिखन अनुसन्धान ब्यूरो बबरमहलबाट खटिएको प्रहरीले काठमाडौं महानगरपालिका-११ बबरमहलबाट पक्राउ गरेको हो ।उनी उपर मानव बेचबिखन तथा ओसारपसार मुद्दामा काठमाडौं जिल्ला अदालतबाट ५ दिन म्याद थप अनुमति लिई आवश्यक अनुसन्धान गर्नुका साथै घटनामा संलग्न अन्य अभियुक्तहरूको समेत प्रहरीले खोजी गरिरहेको छ ।

# यौनजन्य अपराध

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***बर्दिया, १ चैत***

११ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा बाँसगढी नगरपालिका-२ मनमडुवा बस्ने २१ वर्षीय अस्मिन थारूलाई प्रहरीले पक्राउ गरेको छ । थारूले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा इलाका प्रहरी कार्यालय मोतिपुरबाट खटिएको प्रहरीले जिल्ला प्रहरी कार्यालय कैलालीको सहकार्यमा उनलाई कैलालीबाट पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***काठमाडौं, १७ चैत***

तनहुँ, १७ वर्षीया किशोरीलाई जबरजस्ती करणी गरेको अभियोगमा ब्यास नगरपालिका-१० डिगाउँ बस्ने लमजुङ मध्यनेपाल नगरपालिका-१ जितबेसी घर भएका ३० वर्षीय रघु बिकलाई प्रहरीले पक्राउ गरेको छ । बिकले ती किशोरीलाई ब्यास नगरपालिका-४ स्थित होटलमा लगि जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा जिल्ला प्रहरी कार्यालय तनहुँबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

दाङ, ६१ वर्षीया महिलालाई जबरजस्ती करणी गरेको अभियोगमा घोराही उपमहानगरपालिका-१६ बस्ने ५२ वर्षीय गोपाल बिकलाई प्रहरीले पक्राउ

गरेको छ । बिकले ती महिलालाई जबरजस्ती करणी गरी फरार भएको भन्ने उजुरीको आधारमा जिल्ला प्रहरी कार्यालय दाङबाट खटिएको प्रहरीले उनलाई घोराही उपमहानगरपालिका-१६ लमडरूवाबाट पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***कञ्चनपुर, २४ चैत***

१३ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा बेलौरी नगरपालिका-१० शिवनगर बस्ने २१ वर्षीय बिक्रम चौधरीलाई प्रहरीले पक्राउ गरेको छ। बिक्रमले ती बालिकालाई सोही ठाउँस्थित गन्ना खेततर्फ लगी जबरजस्ती करणी गरेको भन्ने उजुरीका आधारमा प्रहरी चौकी भुडाबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***दाङ, २५ चैत***

१४ बर्षीया किशोरीलाई जबरजस्ती करणी गरेको अभियोगमा राप्ती गाउँपालिका-९ घोसखोला बस्ने ३४ वर्षीय बिष्णु बहादुर रेश्मीलाई शनिबार साँझ प्रहरीले पक्राउ गरेको छ। बिष्णुले ती किशोरीलाई गत फागुन २६ गते पीडितकै घरमा गई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा इलाका प्रहरी कार्यालय भालुवाङबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ।

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***दाङ, ३० चैत***

१५ वर्षीया किशोरीलाई जबरजस्ती करणी गरेको अभियोगमा तुलसीपुर उपमहानगरपालिका-१३ साजखुटी बसन्तखेत बस्ने ६२ वर्षीय मान बहादुर सुनारलाई शुक्रबार विहान प्रहरीले पक्राउ गरेको छ । सुनारले ती किशोरीलाई बिहीबार दिउँसो जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा इलाका प्रहरी कार्यालय फुलबारी र तुलसीपुरबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## लागू औषध सम्बन्धी

### करिब ११ किलो गाँजासहित दुई जना पक्राउ

***मकवानपुर, १ चैत***

हेटौंडा उपमहानगरपालिका-१५ रातामाटेबाट अवैध लागूऔषध गाँजा करिब ११ किलोसहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा सर्लाही बलरा नगरपालिका-६ बस्ने २१ वर्षीय सुजित कुमार सहनी र २० वर्षीय सरोज कुमार सहनी रहेका छन्। प्रहरी चौकी रातामाटेबाट खटिएको प्रहरीले बा.४ ख ५९३७ नम्बरको बसलाई जाँच गर्ने क्रममा बसमा सवार उनीहरूलाई उक्त गाँजासहित पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### करिब १६३ (एक सय तिरसट्ठि) किलो गाँजा बरामद

***सुनसरी, ७ चैत***

बराहक्षेत्र नगरपालिका-२ तेहआडीस्थित कोशी नदीको किनारबाट अवैध लागूऔषध गाँजा करिब १ सय ६३ किलो ८ सय ४५ ग्राम प्रहरीले बरामद गरेको छ। विशेष सूचनाको आधारमा इलाका प्रहरी कार्यालय चतरा समेतबाट खटिएको प्रहरीले नदीको किनारमा वेवारिसे अवस्थामा रहेको ५ वटा बोरामा उक्त परिमाणको गाँजा फेला पारी बरामद गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### करिब १२ किलो चरेशसहित २ जना पक्राउ

***पर्सा, ९ चैत***

वीरगंज महानगरपालिका-८ घण्टाघरस्थित नारायणी गेष्ट हाउसबाट अवैध लागूऔषध चरेश करिब १२ किलो २ सय ४० ग्रामसहित भारत बिमान थाना जमुवजारी ग्राम डुमरा बस्ने २२ वर्षीय आरिफ रजा समेत २ जनालाई प्रहरीले पक्राउ गरेको छ। विशेष सूचनाको आधारमा खटिएको प्रहरीले उक्त गेष्ट हाउस तलासी गर्दा उक्त चरेश फेला पारी दुवै जनालाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### करिब १५ किलो चरेश बरामद

***काठमाडौं, १४ चैत***

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट अवैध लागूऔषध चरेश जस्तो देखिने पदार्थ करिब १५ किलो प्रहरीले बरामद गरेको छ। भन्सार कार्यालयको एक्सरेमा प्रहरीले कार्गो चेक जाँच गर्ने क्रममा कतार एयर दोहा हुँदै लण्डन लैजान लागेको ARA MEX COURIER को १८ वटा फोटो फ्रेमभित्र लुकाई छिपाई ल्याएको उक्त परिमाणको पदार्थ फेला पारी बरामद गरेको हो। उक्त बरामद पदार्थ थप आवश्यक अनुसन्धानको लागि लागूऔषध नियन्त्रण ब्यूरो कोटेश्वर पठाइएको छ।

### १७ किलो ५०० ग्राम गाँजासहित एक जना पक्राउ

***रौतहट, १६ चैत***

फतुवाबिजयपुर नगरपालिका-११ भैसही टोल बस्ने ६३ वर्षीय दयालाल पासवानलाई अवैध लागूऔषध गाँजा १७ किलो ५ सय ग्रामसहित प्रहरीले पक्राउ गरेको छ। पासवानले आफ्नै घरमा लागूऔषध गाँजा लुकाई राखेको भन्ने सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय रौतहट र प्रहरी चौकी दुधिअवाबाट खटिएको संयुक्त टोलीले उनको घर तलासी गर्दा उक्त परिमाणको गाँजा फेला पारी उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### करिब २२ किलो गाँजा बरामद

***सिरहा, २१ चैत***

धनगढीमाई नगरपालिका-८ कसहा चोकबाट अवैध लागूऔषध गाँजा करिब २२ किलो प्रहरीले बरामद गरेको छ। अस्थायी प्रहरी पोष्ट कसहाबाट गस्तीमा खटिएको प्रहरीलाई देख्नासाथ २ जना पैदलयात्रीहरुले बोकेको झोला फालि फरार भएपश्चात प्रहरीले झोला जाँच गर्ने क्रममा उक्त परिमाणको गाँजा फेला पारी बरामद गरेको हो। हाल फरार व्यक्तिहरूको खोजी गर्नुका साथै यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### ५ सय ४४ किलो गाँजा बरामद

***धनकुटा, २६ चैत***

साँगुरीगढी गाउँपालिका-६ भेडेटार चोकस्थित को.१ ख ३२९४ नम्बरको मिनि ट्रकबाट अवैध लागूऔषध गाँजा करिब ५ सय ४४ किलो प्रहरीले बरामद गरेको छ । इलाका प्रहरी कार्यालय भेडेटारबाट खटिएको प्रहरीले धनकुटाबाट धरानतर्फ जाँदै गरेको उक्त ट्रक जाँच गर्ने क्रममा सब्जीको बोराभित्र प्याक गरी लुकाइ राखेको उक्त परिमाणको गाँजा फेला पारी बरामद गरेको हो। प्रहरीले ट्रक जाँच गर्ने क्रममा सब्जी पसलमा सब्जी दिन जान्छु भनी पसलतर्फ गई

फरार भएका चालकको खोजी गर्नुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ ।

खटिएको प्रहरीले उनीहरूलाई नगद २ लाख ६ हजार ७ सय २५ रूपैयाँ र २ बुक तासससहित पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

### १५ किलो अवैध लागूऔषध गाँजा बरामद

***सुनसरी, २९ चैत***

देवानगंज गाउँपालिका-४ मेहता टोलस्थित सडकबाट अवैध लागूऔषध गाँजा करिब १५ किलो प्रहरीले बरामद गरेको छ । जिल्ला प्रहरी कार्यालय सुनसरी र प्रहरी चौकी कप्तानगंजबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा नेपालबाट भारततर्फ जाँदै गरेको हाल नम्बर नखुलेको मोटरसाइकल रोक्न खोज्दा मोटरसाइकल चालकले प्लाष्टिक बोरा फाली फरार भएपश्चात बोरामा रहेको उक्त गाँजा फेला परेको हो । प्रहरीले हाल फरार मोटरसाइकल र चालकको खोजी गर्नुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ ।

## अन्य अपराध

### पाटे बाघको छालासहित एक जना पक्राउ

***बाँके, ८ चैत***

नेपालगंज उपमहानगरपालिका-२ पुष्पलाल चोकस्थित रोयल महाबुब होटलबाट लम्बाई ५ फिट ९ ईन्च र चौडाई ३ फिट २ ईन्च भएको पाटे बाघको छालासहित सुर्खेत बराहाताल गाउँपालिका-२ पाक्मा बस्ने २८ वर्षीय चन्द्र बहादुर कार्कीलाई प्रहरीले पक्राउ गरेको छ । विशेष सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय बाँकेबाट खटिएको प्रहरीले होटल तलासी गर्ने क्रममा उनलाई उक्त छालासहित फेला परी पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

### जुवातास खेलिरहेको अवस्थामा विभिन्न स्थानबाट ३५ जना पक्राउ

***काठमाडौं, ११ चैत***

काठमाडौं, नागार्जुन नगरपालिका-१ रानिवनस्थित चिया पसलमा जुवातास खेलिरहेको अवस्थामा काठमाडौं रानिवन बस्ने गोरखा ताकुकोट-४ घर भएका ३५ वर्षीय सुजन थापा समेत १३ जनालाई प्रहरीले पक्राउ गरेको छ । प्रहरी वृत्त स्वयम्भूबाट खटिएको प्रहरीले उनीहरूलाई नगद ३७ हजार ८ सय २५ रूपैयाँ र १ बुक तासससहित पक्राउ गरेको हो ।

यसैगरी काठमाडौं, नागार्जुन नगरपालिका-१ रानिवन सनराइज हाइटस्थित रिता भट्टको घरमा जुवातास खेलिरहेको अवस्थामा सोही ठाउँ बस्ने धादिङ चरौदी घर भएका ३५ वर्षीय रामजी उप्रेती समेत ६ जनालाई दिउँसो प्रहरीले पक्राउ गरेको छ । प्रहरी वृत्त स्वयम्भूबाट खटिएको प्रहरीले उनीहरूलाई नगद १ लाख ३२ हजार ५ सय रूपैयाँ र ४ बुक तासससहित पक्राउ गरेको हो ।

कास्की, पोखरा महानगरपालिका-१९ लामाचौरस्थित निर्मला पुनको घरमा जुवातास खेलिरहेको अवस्थामा सोही महानगरपालिका-१९ गैरीखोर बस्ने ३२ वर्षीया रिया गर्बुजा समेत ६ जनालाई प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय कास्कीबाट खटिएको प्रहरीले उनीहरूलाई नगद ६५ हजार ६ सय ३० रूपैयाँ र ४ बुक तासससहित पक्राउ गरेको हो ।

ललितपुर, ललितपुर महानगरपालिका-१८ नख्खूस्थित रूम्बा खाजा घरमा जुवातास खेलिरहेको अवस्थामा सोही महानगरपालिका-४ नख्खु बस्ने धादिङ निलकण्ठ नगरपालिका-४ घर भएका ४४ वर्षीय राजेन्द्र बहादुर आलेमगर समेत १० जनालाई प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी परिसर ललितपुरबाट

### गैर कानुनी तवरले बसिरहेका पाँच जना बंगलादेशी नागरिक नियन्त्रणमा

***काठमाडौं, १३ चैत***

भिसा अवधि समाप्त पश्चात गैर कानुनी तवरले बसिरहेका ५ जना बंगलादेशी नागरिकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले बंगलादेशी नागरिकहरू २६ वर्षीय एमडि रिफत अहमद, २३ वर्षीय एमडि अबदुल्ला, ४५ वर्षीय एमडि समसुयल होडा, ३० वर्षीय अबदुल विश्वास र ३६ वर्षीय एमडि मासुम मियालाई नियन्त्रणमा लिएको हो । बंगलादेशी नागरिकहरू विभिन्न मितिमा नेपाल प्रवेश गरि गैरकानुनी ढंगले काठमाडौंको सोह्रखुट्टे क्षेत्रमा बसोबास गर्नुको साथै शंकास्पद गतिविधिहरूमा संलग्न रहेको भन्ने सूचनाको आधारमा उक्त कार्यलायबाट खटिएको प्रहरीले उनीहरूलाई काठमाडौं सोह्रखुट्टेबाट नियन्त्रणमा लिएको हो । उनीहरूलाई आवश्यक अनुसन्धान तथा कारवाहीको लागि अध्यागमन विभाग कालिकास्थान काठमाडौंमा पठाइएको छ ।

### स्रोत नखुलेको २७ लाख ७५ हजार ९७० रूपैयाँ सहित दुई जना पक्राउ

***सर्लाही, ११ चैत***

मलंगवा नगरपालिका-९ बाट स्रोत नखुलेको रकम २७ लाख ७५ हजार ९७० रूपैयाँ सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सोही नगरपालिका-३ बस्ने २४ वर्षीय कमर राजा र ४० वर्षीय आरिफ अंसारी रहेका छन् । विशेष सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय सर्लाहीबाट खटिएको प्रहरीले कमर राजालाई मलंगवा नगरपालिका-९ स्थित सडकबाट नगद १० लाख रूपैयाँ तथा ९ लाख ९० हजार रूपैयाँ जम्मा गर्ने २ थान भौचरसहित र थप अनुसन्धानको क्रममा आरिफ अंसारीलाई सोही नगरपालिका-९ स्थित उनको फोन सिटी मोबाइल पसलमा लुकाई राखेको १७ लाख ७५ हजार ९ सय ७० रूपैयाँसहित पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### नावालिकालाई वेश्यावृत्तिमा लगाउने खाजाघर संचालक पक्राउ

***काठमाडौं, २० चैत***

नावालिकालाई वेश्यावृत्तिमा लगाएको अभियोगमा काठमाडौं महानगरपालिका-१६ स्थित 'लाफा' नाम गरेको खाजाघरका संचालक काठमाडौं बालाजु बस्ने उदयपुर उदयपुरगढी गाउँपालिका-६ घर भएका २३ वर्षीय नविन कुमार मगरलाई प्रहरीले पक्राउ गरेको छ । उक्त खाजाघरमा बालिकाहरूलाई विभिन्न डरत्रास र प्रलोभनमा पारी वेश्यावृत्तिमा लगाउने गरेको भन्ने सूचनाको आधारमा मानव बेचबिखन अनुसन्धान ब्यूरो बबरमहलबाट खटिएको प्रहरीले नविन कुमारलाई पक्राउ गरेको हो । साथै उक्त खाजाघरबाट एक जना बालिकाको समेत प्रहरीले उद्दार गरेको छ । उनी उपर मानव बेचबिखन तथा ओसारपसार मुद्दामा जिल्ला अदालत काठमाडौंबाट ५ दिन म्याद थप अनुमति लिई यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

# उत्कृष्ट अनुसन्धान

## मुद्दा शीर्षक – कर्तब्य ज्यान

मिति २०८०।१०।२२ गते अन्दाजी ०५:०० बजेको समयमा काठमाडौं जिल्ला, गोकर्णेश्वर नगरपालिका वडा नं.०३ तारेभीर स्थितमा सुष्मा लामालाई ऐ.ऐ. बस्ने बर्ष २१ को प्रतिवादी रुपेन्द्र लामाले मन पराई प्रेम प्रस्ताव राख्दा अस्वीकार गरेकोले निज प्रतिवादीले पूर्व योजना बनाई मारी केही पर शिवपुरी राष्टिय निकुञ्जमा लगी खाल्डो खनी गाडेको भन्ने व्यहोराको मिति २०८०।१२।०१ गते जाहेरी दरखास्त प्राप्त भएकोमा उक्त घटनामा सम्पूर्ण अनुसन्धान कार्य सम्पन्न गरी सम्मानित काठमाडौं जिल्ला अदालत, बबरमहलमा पेश हुँदा सम्मानित अदालतको मिति २०८०।१२।२८ गतेको आदेशले निज प्रतिवादी रुपेन्द्र लामालाई पूर्पक्षको लागि कारागार थुनामा पठाईएको।

## मुद्दा शीर्षक – खोटा मुद्रा सम्बन्धी (खोटाचलन)

मिति २०८०।१२।०१ गते दिउँसो अन्दाजी १४:०० बजेको समयमा ललितपुर जिल्ला, गोदावरी न.पा. वडा नं.३ टौखेल स्थितबाट ऐ. बस्ने बर्ष ३७ को करण प्रधानको साथबाट रु.१००० दरको नक्कली नोट २० (बीस) थानसमेत फेला पारी निजसँगको नक्कली नोटको कारोबारमा जिल्ला काभ्रेपलाञ्चोक, मण्डनदेउपुर न.पा. वडा नं.११ तिमिल्सिना गाउँ घर भएका संजय अधिकारी समेत संलग्न रहेको भनी खुल्न आएको हुँदा ऐ.०२ गते निज संजय अधिकारीलाई पक्राउ गर्दा निजको साथबाट रु.१००० दरको नक्कली नोट ११५ थान फेला परेको, निजसँग समेत उक्त नक्कली नोटको सम्बन्धमा सोधपुछ गर्दा नक्कली नोट छाप्ने कार्यमा जिल्ला काभ्रेपलाञ्चोक, बेथानचोक गा.पा. वडा नं.३ लप्सीबोट घर भई हाल ऐ. बनेपा न.पा.५ स्थितमा एच.एम मोबाईल केयर संचालन गरी बस्ने बर्ष अं.२५ को सबिन हुमागाँई समेत संलग्न रहेको भनी खुल्न आएकोले ऐ.०२ गते सबिन हुमागाँईले काभ्रेको बनेपा स्थितमा संचालन गरेको एच.एम. मोबाईल केयरमा खानतलासी गर्दा रु.१००० दरको नक्कली नोट ७० थान, नक्कली नोट छाप्न प्रयोग गरिने प्रिन्टर थान १, ल्यापटप थान १, नक्कली नोट छाप्ने प्रयोग गरिने सादा पेपर ४०० पिस, मोबाईल थान १ फेला पारी नक्कली नोट कारोबार गर्ने सबिन हुमागाँईलाई समेत पक्राउ गरी दाखिला हुन आएको (जम्मा रु.१०००|- को दरको नोटको हुने रु.२,०६,०००|- नक्कली रुपैयाँ बरामद भएको), उक्त घटनामा प्रतिवादीहरू करण प्रधान, संजय अधिकारी, सबिन हुमागाँईलाई पक्राउ गरी मुद्रा सम्बन्धी (खोटाचलन) मुद्दामा अनुसन्धानपश्चात सम्मानित ललितपुर जिल्ला अदालतमा पेश हुँदा सम्मानित अदालतको मिति २०८०।१२।३० गतेको आदेशले पक्राउ परेका सबै प्रतिवादीहरू पूर्पक्षको लागि कारागार कार्यालय, नख्खु, ललितपुर थुनामा गएको।

## मुद्दा शीर्षक – कर्तब्य ज्यान

मिति २०८०।१०।०३ गते बिहान अं.०९:३० बजेको समयमा जिल्ला प्यूठान, नौवाहिनी गाँउपालिका वडा नं.७ स्थित गने कुँवरको खऱ्यान बारीमा मेरो श्रीमान घने पुन मगर मृत अवस्थामा फेला परेकोमा उक्त घटना बारेमा बुझ्दा मिति २०८०।१०।०२ गते राती अं. ०७:०० बजेको समयमा तिला घर्ती मगरको घरमा मेरो श्रीमान घने पुन मगरलाई प्रतिवादी चन्द्रा घर्ती मगरले दाउराले कुटपिट गर्दा सोही चोटको कारण मेरो श्रीमानको मृत्यु भएको हुँदा निज चन्द्रा घर्ती मगरलाई कानून बमोजिम गरी पाँउ भन्ने व्यहोराको मिति २०८०।११।३० गते मृतकको श्रीमतीको जाहेरी दरखास्त प्राप्त भएकोमा उक्त घटनाको अनुसन्धान कार्य पूरा गरी सम्मानित प्यूठान जिल्ला अदालतमा पेश गरिएकोमा सम्मानित अदालतको च.नं.१३२५ मिति २०८०।१२।२२ गतेको आदेशले प्रतिवादी चन्द्रा घर्ती मगरलाई पूर्पक्षको लागि कारागार चलान गरिएको ।

## मुद्दा शीर्षक – कर्तब्य ज्यान

मिति २०८०।१२।०७ गते बिहान अं.०७:३० बजेको समयमा जिल्ला सप्तरी, सप्तकोशी नगरपालिका वडा नं.३ नयाँबस्ती मुसहरी टोल स्थितमा ऐ.ऐ. बस्ने अं. वर्ष ६५ को हिराई सदालाई निजको कान्छो छोरा अं. वर्ष २४ को लालदेव सदाले धारिलो हतियार बन्चरो निधारमा प्रहार गरी कर्तव्य गरी मारेको र निज प्रतिवादी लालदेव सदाले आफ्नो ठूलोबुबा नाता पर्ने अं. वर्ष ६६ को दसन सदालाई समेत बन्चरो प्रहार गरी घाईते बनाएको हुँदा निजलाई पक्राउ गरी कानून बमोजिम कारवाही गरी पाउँ भन्ने व्यहोराको अरुण सदाको मिति २०८०।१२।०७ गतेको जाहेरी दरखास्त प्राप्त भएकोमा अनुसन्धानपश्चात सम्मानित सप्तरी जिल्ला अदालतको मिति २०८०।१२।२५ गतेको आदेशले प्रतिवादी लालदेव सदा पूर्पक्षको लागि कारागार चलान भएको।



# अपराध अनुसन्धान विभाग
# नागरिक सूचना इकाई द्वारा प्रकाशित
# मासिक ई- बुलेटिन

सत्य सेवा सुरक्षणम्

**नेपाल प्रहरी प्रधान कार्यालय**
**अपराध अनुसन्धान विभाग**
**नक्साल काठमाडौं**